हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमती प्रदेश, नेपाल

पत्र संख्या :-

महाशाखा/शाखा/इकाई : युवा तथा खेलकुद शाखा

चलानी नं. : ५५७

## प्रतियोगिता सम्बन्धी नियम तथा शर्तहरु

१। प्रतियोगिता अन्तर्राष्ट्रिय फुटबल महासङ्घ (फिफा)को नियमअनुसार खेलाइनेछ । खेल अवधि भर खेल सम्बन्धी सम्पूर्ण अधिकार आयोजक समिति र निर्णायकमा निहित हुनेछ । कुनै विवाद भएमा आयोजकको निर्णयनै अन्तिम हुनेछ ।

२। खेल तालिका मिति २०८१।११।०६ गते दिउसो १:०० बजे उपमहानगरपालिका सभाहलबाट सार्वजनिक गरिनेछ । उक्त कार्यक्रममा प्रत्येक खेलाडि टिमको टिम क्याप्टेन अनिवार्य उपस्थित हुनुपर्नेछ ।

३। सहभागी खेलाडी सम्बन्धित वडाको स्थायी बासिन्दा हुनुपर्नेछ । सम्पुर्ण खेलाडिहरुको जन्मदर्ताको प्रतिलिपी वा बसाइसराइको कागजात फारामसाथ पेश गर्नुपर्नेछ ।

४। सहभागी टिममा वडाको तर्फबाट १६ जना खेलाडी १ जना प्रशिक्षक १ जना व्यवस्थापक गरी १८ जनाको नाम फोटो सहित वडा अध्यक्षले प्रमाणित गरी फारम भरि फाइल तयार गरी तोकिएको समय अवधिभित्र नगरकार्यपालिकाको कार्यालय युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

५। खेल अवधिभर आकस्मीक सामान्य प्राथमिक उपचार आयोजकले व्यवस्था गर्नेछ । थप उपचार गर्नुपर्ने भएमा सम्बन्धित टिम वा वडाबाट गर्नुपर्नेछ ।

६। सहभागी टिमले आफैले व्यवस्थापन गरी अनिवार्य रुपमा खेलको पोशाक लगाउनुपर्नेछ ।

७। खेलतालिका सार्वजनिक गरिने मिति समय र स्थानमा सहभागी टिमको प्रतिनिधि उपस्थित हुनुपर्नेछ कुनै टिमबाट प्रतिनिधित्व हुन नसकेमा तालिका सार्वजनिक गर्न बाधा पुग्ने छैन ।

८। सहभागी टिमको लागि खाना, खाजा, यातायात, अभ्यास खेल सामग्री लगायत अन्य आवश्यक कुराहरुको खर्चको व्यवस्थापन सहभागी टिमले आफैंले गर्नुपर्नेछ ।

९। कुनै विशेष वा प्राविधिक कारणले खेलतालिकामा हेरफेर गर्नुपर्ने भएमा आयोजकले निर्णय गरी सूचना उपलब्ध गराउनेछ ।

१०। कुनै टिम वा खेलाडी विरुद्ध दाबी विरोध गर्नुपरेमा खेल समाप्त भएको ३० मिनेट अवधि भित्र नगद रु ५,०००।- हजार सहित आवश्यक प्रमाण राखी आयोजक समक्ष निवेदन पेश गर्न सकिन्छ ।

११। प्रतियोगितामा प्रथम र द्धितीय हुने टिमलाई क्रमशः रु १,००,०००।-(एक लाख रुपैया मात्र), रु ७०,०००।-(सत्तरी हजार रुपैया मात्र) साथै शिल्ड, मेडल, प्रमाण पत्र र विधागत पुरस्कारहरुमा सर्वोत्कृष्ठ खेलाडिको लागि रु ७,०००।- उत्कृष्ठ फरवार्ड, उत्कृष्ट गोलकिपर,

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
महाशाखा/शाखा/इकाई : युवा तथा खेलकुद शाखा
चलानी नं. : ५५५

उत्कृष्ट प्रतिरक्षक र उत्कृष्ठ प्रशिक्षकको लागि रु ५,०००।- साथै प्रत्येक खेलको म्यान अफ द म्याचको लागि मायाको चिनो प्रदान गरिनेछ ।

१२। तोकिएको समयमा टिम सहभागी नभएमा विपक्षी टिमलाई विजेता घोषणा गरिनेछ । कुनै कारणवश तोकिएको समयमा उपस्थित हुन नसकेको पर्याप्त आधार प्रमाण भएमा बढीमा एक घण्टासम्म समयतालिका हेरफेर गर्न सकिनेछ ।

१३। नियम विपरीत तथा अनुशासनहीन क्रियाकलाप गर्ने खेलाडीहरूलाई प्रचलित कानुन बमोजिम कारबाहीको लागि सिफारिस गरिनेछ । र प्रतियोगिता अवधिभर सम्बन्धित टिमबाट खेलमा सहभागी गराइनेछैन ।

१४। प्रतियोगिता सम्बन्धी अन्य जानकारीको लागि देहायबमोजिमका व्यक्तिहरुलाई सम्पर्क गर्न सकिनेछ । (रविन्द्र प्रसाद घिमिरे ९८५५०३७१९२, सुनिल लोप्चन ९८४५०७६३५८, यज्ञ बहादुर राय ९८५५०६५७८९, विजय गौतम ९८५५०७५९६१, सरस्वती लो ९८६५०१३६१५, संगीता कुमारी के सी ९८४५८४७५०३ )

१५। अनुपम घलान स्मृती फुटबल प्रतियोगितालाई भव्य र सभ्य ढंगबाट सम्पन्न गराउनु तपाई हामी सबैको दायित्व भएकोले उल्लिखित निमय तथा शर्तहरु पालना गरी सहभागीताको लागि सादर अनुरोध छ ।